"कृषि, पर्यटन र साँस्कृतिक पूर्वाधारः टेम्केमैयुङ विकासको आधार"

# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

प.सं.:- २०८२/०८३
च.नं.:-

मितिः- २०८२/०५/०३

**विषयः प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०५/०३

श्री सम्बन्धित सरोकावालाहरु सबै,
टेम्केमैयुङ गाउँपालिका, भोजपुर।

आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रकम अनुसार डेरी संचालनमा ७५% अनुदान कार्यक्रमको माध्यमबाट स्वोरोजगर सिर्जना गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक सहकारी/समिति/समुह/फर्म/कृषक बाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक सहकारी/समिति/समुह/फर्म/कृषक ले तपशिल अनुसारका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२/०५/१०) भित्र कार्यालय समयमा प्रस्ताव माग निवेदन दर्ता गराउनु हुन सूचित गरिन्छ । म्याद नागी प्राप्त हुन आएका र बिना प्रस्तावका कागजात साथै पुरा नभएका निवेदनहरु छनोटको लागि समावेश गरिने छैन ।थप जानकारीको लागि कृषि तथा पशुपन्छी विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोछ छ ।

प्रस्ताव पेश गर्दा संलग्न राखु पर्ने कागजातहरुः

१) अघिल्ला दुइ आर्थिक बर्षमा कुनै कार्यालय/संस्थाबाट अनुदान प्राप्त गरे वा नगरेको उल्लेख गरि अनुदान लिन उपयुक्त भएको व्यहोरा सहितको निवेदन ।

२) आवेदकले आफुले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव ।

३) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए सो को व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

४) नवीकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि एक प्रति ।

५) स्थाई लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

६) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकको अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपी ।

७) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धनि दर्ता प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि ।

८) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि ।

९) सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि ।

.....................
अदित दाहाल
प्रमुख प्रशासकीय अधिकृत